# हिमाली सुस्केरा
राष्ट्रिय साप्ताहिक

वर्ष : २३, अङ्क : ४०, २०८२ असार २९ गते आइतवार ( 13 July 2025 ) मूल्य रु. २०।-


# डोल्पा जिल्ला अस्पताल क्षेत्र सडक सञ्जालमा जोडियो




डोल्पाको सदरमुकाम दुनै स्थित भेरि नदि माथिको पुल जडानका क्रममा पारिबाट वल्लो बेसमा जडान सम्पन्न भएको क्षण । जडान सम्पन्न भएको यो बेलीब्रीज उद्घाटन पछि दुनै पारिपट्टीको बस्ति सडक सञ्जालमा जोडिने छ ।

सुस्केरा समाचारदाता

डोल्पा, असार - डोल्पाको सदरमुकाम दुनै राष्ट्रिय सडक सञ्जालमा जोडिएको केही वर्ष भैसक्दा पनि दुनै कै भेरी नदि पारिपट्टीको बस्ति सडक सञ्जालमा जोडिन सकेको थिएन ।

दुनै बजार भन्दा पारिपट्टी मोटरेबल पुल नबन्दा नदि पारिपट्टी निकै दुर्गम बनेको अवस्थामा कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयको चार करोड बजेटबाट पूर्वाधार विकास कार्यालय डोल्पाको प्राविधिक निगरानीमा निर्माण भैरहेको बेलीब्रीज जडान कार्य सफल भएको छ ।

प्रमुख जिल्ला अधिकारी रोमबहादुर महत सहित जिल्लाका प्रतिष्ठित व्यक्तित्वहरुको उपस्थितिमा बेलीब्रीज जडान कार्य सफल भएको हो । बेलीब्रीज जडान भए पछि हर्षका ताली बजेका थिए । खुसिले होहल्ला भएको थियो ।

यो बेलीब्रीज निर्माणका लागि कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्री शेरबहादुर बुढाले बजेट विनियोजनका साथै छिटो निर्माणका लागि धेरै पहल गर्नु भएको सम्बन्धित कार्यालयले बताएको छ ।

बेलीब्रीज जडान सफल भए पछि पूर्वाधार विकास कार्यालय डोल्पाका प्रमुख इन्जिनियर टेकबहादुर हितान खुसिले उफ्रिएका थिए । किनकी पारिबाट वारि बेलीब्रीज डोजरले धकेलीरहेको बेला हावाले हल्लाइरहेको थियो । जडानका क्रममा भाँचिने होकी भन्ने चिन्ता बढेको थियो । ओल्लो बेसमा पुल बसे पछि सबै

....... .. .पेज नं. ८ मा

# सबै मिलेर समृद्धि हासिल गर्नुपर्छ

सुस्केरा समाचारदाता

ललितपुर असार - प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार, युवा र महिला उद्यमी मिलेर मुलुकको समृद्धिका लागि केही गर्नुपर्ने बताउनुभएको छ ।

महिला उद्यमी महासङ्घले शुक्रबार यहाँ आयोजना गरेको अन्तर्राष्ट्रिय महिला नेतृत्व सम्मेलन, २०८२ को उद्घाटन गर्दै उहाँले समृद्धिका लागि सँगै काम गरेर सफलता हासिल गर्नुपर्नेमा जोड दिनुभएको हो ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामीले उद्यमशीलताको विकासबाट समृद्धि हासिल गर्नुपर्नेछ । सरकारले युवा र महिला उद्यमशीलतालाई उच्च महत्व दिएको छ । यस सम्मेलनबाट आउने निष्कर्षले सरकारको प्राथमिकता पूरा गर्न सघाउने विश्वास लिएको छु ।"

उहाँले महिलाको सशक्तीकरणका लागि संविधानमा भएको व्यवस्था व्यवहारमा अवलम्बन गर्दै आइएको उल्लेख गर्नुभयो । "तीनै तहमा कम्तीमा ३३ प्रतिशत जनप्रतिनिधि सुनिश्चित गरे

....... .. .पेज नं. ८ मा

# औषधिको उचित प्रयोग आवश्यक

सुस्केरा समाचारदाता

डोल्पा, असार - औषधिको उचित प्रयोग र एन्टीमाइक्रोबियल प्रतिरोधी गतिविधिहरु सम्बन्धी सचेतना जगाउनुका साथै यस सम्बन्धी जानकारी गराउनका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको हो ।

जिल्ला अस्पताल डोल्पाको आयोजनामा आज जिल्ला अस्पताल डोल्पाको सभाकक्षमा आयोजित औषधिको उचित प्रयोग र एन्टीमाइक्रोबियल प्रतिरोधी गतिविधिहरु सम्बन्धी अभिमुखिकरण कार्यक्रममा डा. अजय प्रसाद पाण्डेले यस विषयमा एक प्रस्तुति गर्नु भएको थियो ।

प्रस्तुतिकरणमा औषधिको सही प्रयोग गर्नु पर्ने, स्वास्थ्यकर्मीको सल्लाह बिना कुनै पनि औषधि सेवन गर्न नहुने, औषधिको सेवन गर्न सुरु गरे पछि पुरा मात्रा औषधि सेवन गर्नु पर्ने तथा

....... .. .पेज नं. ८ मा

# काम नसक्दा बजेट फ्रिज

सुस्केरा समाचारदाता

डोल्पा, असार - डोल्पामा आएका विभिन्न योजनाहरुको बजेट फ्रिज गएको जनप्रतिनिधिहरुले समेत गुनासो गरेका छन् ।

डोल्पाको सदरमुकाम दुनै कै वडा ठुलीभेरी नगरपालिका वडा नं. ३ मै बजेट फ्रिज गएको वडा जनप्रतिनिधिहरुले गुनासो गरेका छन् । वडा भित्र संचालन भएका विभिन्न विकास योजनाहरुको काम भैरहेको भए पनि ठेकेदारहरुले समयमा काम नसक्दा बजेट फ्रिज गएको जनाइएको छ ।

सम्बन्धित कार्यालयले समयमा ठेक्का नखुल्ने ठेक्का खुलिहाले पनि समयमा सम्झौता गरेर काम सक्ने प्रर्याप्त समय नहुँदा र विभिन्न कारणले ठेकेदारहरुले काम नगरिदिँदा बजेट फ्रिज

....... .. .पेज नं. ८ मा

# पूर्णखोप सुनिश्चितता बन्दै डोल्पा

सुस्केरा समाचारदाता

डोल्पा, असार - डोल्पाका सबै पालिकाहरु पूर्णखोप सुनिश्चित तथा दिगोपना घोषणा भैसकेकाले यही महिनाको ३० गते भोली डोल्पा जिल्ला पूर्णखोप सुनिश्चितता तथा दिगोपना र प्रमाणिकरण घोषणा गरिने भएको छ ।

जिल्ला खोप समन्वय समितिको गएको बुधवार बसेको बैठकले यही महिनाको ३० गते डोल्पा जिल्लालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना र प्रमाणिकरण गर्न जिल्ला घोषणा गर्ने निर्णय गरिएको स्वास्थ्य सेवा कार्यालय डोल्पाले जनाएको छ ।

जिल्ला खोप समन्वय समिति डोल्पाका अध्यक्ष समेत रहेका जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्यामबहादुर रोकायाको अध्यक्षतामा बुधवार तथा यही महिनाको २५ गते स्वास्थ्य सेवा कार्यालय डोल्पाको सभाकक्षमा बसेको बैठकले डोल्पा जिल्लालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना र प्रमाणिकरण गर्न जिल्ला घोषणा गर्न अनुमतिका लागि कर्णाली प्रदेश खोप समन्वय समिति समक्ष सिफारिस पत्र पेश गर्ने, पूर्णखोपलाई दिगो बनाई राख्न यस आर्थिक वर्ष २०८२।०८३ भित्र

....... .. .पेज नं. ८ मा

# आगामी आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक

रासस

काठमाडौं, असार - नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि मौद्रिक नीति सार्वजनिक गरेको छ ।

मौद्रिक नीति सार्वजनिक गर्नुहुँदै राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले सजगतापूर्वक लचिलो नीति अवलम्बन गरिएको बताउनुभयो । दोस्रो वित्तीय क्षेत्र रणनीतिक स्वीकृत गरी कार्यान्वयनमा ल्याउने मौद्रिक नीतिमा उल्लेख छ ।

ब्याजदर करिडोरको माथिल्लो सीमाका रुपमा रहेको बैंकदरलाई छ प्रतिशत र नीतिगत दरलाई साढे चार प्रतिशत कायम गरिएको छ । यसअघि बैंकदर साढे छ प्रतिशत र नीतिगत दर पाँच प्रतिशत थियो ।

मौद्रिक नीतिमार्फत निजी आवासीय घर निर्माण तथा खरिद गर्नका लागि प्रवाह गरिने कर्जाको सीमा रू. दुई करोडबाट बढाएर रु. तीन करोड कायम गरिएको छ । पहिलो घर निर्माण वा खरिद गर्दा कर्जा मूल्य अनुपात ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सकिने व्यवस्था गरिएको छ ।

यक्तिगततर्फको शेयर धितो कर्जाको सीमा रू. १५ करोडबाट बढाएर रू २५ करोड पुऱ्याइएको छ । विदेश भ्रमणमा जाने नेपालीले बोक्न पाउने रकमको सीमा दुई हजार पाँच सय अमेरिकी डलरबाट बढाएर तीन हजार अमेरिकी डलर बनाइएको छ ।

आगामी आर्थिक वर्षमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १२ प्रतिशतले वृद्धि हुने लक्ष्य मौद्रिक नीतिले तय गरेको छ । मौद्रिक नीतिमा घट्दो ब्याजदर अझै

....... .. .पेज नं. ८ मा

डोल्पा जिल्ला ........ . ...

मा खुसियाली छाएको हो ।

दुनै भेरी नदि पारिपट्टी तथा जिल्ला अस्पताल डोल्पा रहेको क्षेत्र दुनै पारि पट्टी डोल्पा जिल्ला अस्पताल, डोल्पा कारा गार, जिल्ला हुलाक कार्यालय, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, पशु अस्पताल तथा पशु सेवा कार्यालय, सशस्त्र प्रहरी गुल्म लगायतका सरकारी कार्यालयहरु, डोल्पो क्याम्पस, दुनै बोर्डिग स्कुल, धुवतारा आधारभुति विद्यालय अन्तर्गतको अपांग स्रोत कक्षा, दुइवटा गुम्बाहरु लगायतका कार्यालयहरु आफ्नै भवनमा नदि भन्दा पारि संचालित छन भने भाडामा सामाजिक विकास कार्यालय, जिल्ला निर्वाचन कार्यालय, आयुर्वेद स्वास्थ्य केन्द्र, कोलेनिका लगायत कार्यालय नदि भन्दा पारि पट्टी भाडामा कार्यालय संचालन गरिरहेका थिए । यसका साथै नदि भन्दा पारि पट्टी सर्वसाधारणहरु तथा समुदायको राम्रो बसोबास रहेको छ ।

यो पुल बने पछि डोल्पा जिल्ला अस्पतालमा उपचार गर्न आउने बिरामीहरुलाई सुविधा हुने भएको छ, सरकारी कार्यालयहरु, जनसमुदाय, क्याम्पस, विद्यालय, गुम्बाहरुले सडक सञ्जालमा जोडिएको महसुस गरेका छन् ।

जडान सफल भएको छ । पुलका पाटहरु थपघट गर्ने कार्य सकिइसकेको पूर्वाधार विकास कार्यालय डोल्पाले जनाएको छ । पुल बनेर गाडि चल्न थाले पछि डोल्पाको सदरमुकाम दुनै बजार देखि नदि पारिको बस्तिलाई धेरै सुविधा पुग्ने सबैले आशा गरेका छन् ।

दुनै स्थित कालिका मन्दिर भन्दा तलपट्टी भेरि नदि माथि बनेको बेलीब्रीज निर्माण तथा जडान कार्य सम्पन्न भएको र पुल वारिपारिका निर्माण कार्य भैरहेको छ । केही दिन भित्र सबै निर्माण सकेर छिट्टै पुल उद्घाटन गरिने पूर्वाधार विकास कार्यालय डोल्पाले जनाएको छ ।

आगामी आर्थिक .........

कम गर्न सघाउने गरी नेपाल राष्ट्र बैङ्कले बैङ्क दरलाई ६.५ प्रतिशतबाट घटाएर छ प्रतिशत, निक्षेप सङ्कलन दर तीन प्रतिशतबाट घटाएर २.२५ र नीतिगत दरलाई पाँच प्रतिशतबाट घटाएर ४.५ प्रतिशतमा झारेको छ । सजगतापूर्वक लचिलो प्रकृतिको भनिएको यो मौद्रिक नीतिबाट सरकारले लक्ष्य गरेको छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने गरी मुद्रास्फीतिलाई पाँच प्रतिशत हाराहारीमा राख्ने गरी तर्जुमा गरिएको गभर्नर पौडेलले बताउनुभयो । मागमा आएको सङ्कुचन र अन्य वित्तीय समास्या सामना गरिरहेको अहिलेको निजी क्षेत्रमा जाने कर्जा वृद्धिदर १२ प्रतिशत रहने आकलन मौद्रिक नीतिको छ । ब्याजदर न्यून हुँदा पनि लगानीका लागि निजी क्षेत्र आकर्षित नभएका बेला राष्ट्र बैङ्ले वित्तीय स्थायित्व कायम गर्दै कर्जाको पहुँच र गुणस्तर अभिवृद्धि गर्ने तथा कर्जाको अधिकेन्द्रीकरणलाई कम गर्न मौद्रिक उपाय र विवेकशील

सबै मिलेर .... .... ... .....

का छौं । विद्यालयमा छात्राहरूको सङ्ख्या छात्रहरूको भन्दा बढी छ । नतिजामा पनि छात्राहरूको उपस्थिति राम्रो हुँदै गएको छ । हामीले अझै प्रगति हासिल गर्दै जानुपर्नेछ", प्रधानमन्त्री ओलीको भनाइ थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले जनताले चाहेमा देशको विकास चाँडै हुने बताउनुभएको छ ।

यसै बिच इलामको माई नगरपालिकामा शनिबार आयोजित कार्यक्रममा सहभागी हुँदै प्रधानमन्त्री ओलीले जनताले चासो राखे देशको विकास चाँडै हुने बताउनुभएको हो ।

काम नसक्दा .... .... .....

गएको ठुलीभेरी नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष भक्तबहादुर भण्डारी ले गुनासो गर्नु भयो ।

उहाँका जस्तै जिल्ला भरीका विभिन्न कामहरुको बजेट फ्रिज भएको जनाइएको छ । विभिन्न स्थानीय तहहरु भित्र, प्रदेश र संघीय सरकारका विभिन्न कार्यालयहरुबाट योजना छनौट भई ठेक्का मार्फत काम भए पनि असार मसान्त मै सक्नु पर्ने नत्र भने बजेट फ्रिज हुने नीति छ ।

औषधिको उचित ..... .... ...

बिचमा छोड्न नहुने, एन्टीबायोटिक औषधिहरु डाक्टरको सल्लाह बिना सेवन गर्न नहुने लगायतका विषयमा प्रस्तुतिकरण गर्ने डा. पाण्डेले औषधिको सही प्रयोग र एन्टीमाइक्रोबियल प्रतिरोधि गतिविधिहरुका विषयमा गहनरुपमा छलफल गराउनु भएको थियो ।

कार्यक्रमको अध्यक्षता गर्दै जिल्ला अस्पताल डोल्पाका मेडिकल सुपरिटेन्डेन्ट तथा स्वास्थ्य सेवा कार्यालय डोल्पाका स्वास्थ्य सेवा व्यवस्थापक डा. सिजन रावलले औषधिको सही प्रयोग र एन्टीमाइक्रोबियल गतिविधिका विषयमा आफूले जानेबुझेसम्म सबैलाई सचेत गराउन आग्रह गर्नु भयो ।

पूर्णखोप सुनिश्चितता .....

पूर्णखोप सुनिश्चितता तथा दिगोपनालाई अझ प्रभावकारी बनाई राख्न माथिल्लो डोल्पा लगायत जिल्ला भरिका स्थानीय तहहरुमा आवश्यक अनुसूचीहरु भरेर अझै सुधार गर्ने, खोप छुट भएका बालबालिका कतै छन् कि भनेर खोप छुटेका बालबालिकाहरुको खोजी पड्ताल कार्यलाई योजना बनाई सबै स्थानीय तहलाई सक्रिय गराउने समेत निर्णय गरिएको जिल्ला खोप समन्वय समितिका सदस्य डोल्पाले जनाएको छ ।

**लिङ्ग छनौट गरी गर्भपतन गर्नु अपराध हो,**

- लिङ्ग पहिचानको गरी भ्रुण हत्या गर्नु कानुनी अपराध हो, यो कार्य कोही कसैले नगरौं/नगराऔं।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरुत्साहित गरी चिकित्सा पेसालाई मर्यादित बनाऔं ।
- विभेदरहित समाजको निर्माण गरौं।
- लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफैबाट गर्नुपर्दछ।
- कुरा होइन, काम गरौं परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं।
- छोरा वा छोरी त्यो तपाईको सन्तान हो, तपाईको वंश हो त्यसैले लिंगका आधारमा छोरा र छोरी बिच विभेद नगरौं, नगराऔं।

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर सुर्खेत

हाम्रो पहिचानमा हाम्रो गौरव

❖नेपाली भाषा र संस्कृतिलाई आत्मसाथ गरौं,
❖परम्परा, चाडपर्व, लोककला जोगाऔं,
❖मौलिक संस्कृतिमा गर्व गरौं,
❖नक्कल होइन मौलिकता अपनाऔं,
❖विविधतामा एकता कायम गरौं,
❖राष्ट्रको पहिचानलाई सम्मान गरौं .

"हाम्रो पहिचान, हाम्रो स्वाभिमान"

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: बीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगरपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# नयाँ आर्थिक वर्ष सुरु हुँदै

दिनका कारणले चलु आर्थिक वर्ष २०८१।०८२ सकिनै लागेको छ । भने निकासाका हिसाबले आर्थिक वर्ष सकिएको छ । गएको बुधवार राति १२ बजेदेखि सबै प्रकारका निकासा तथा भुक्तानीहरु बन्द भएको छ । आर्थिक वर्ष सकिएसँगै सबै तिर अबको ३ दिन पछि सुरु हुने नयाँ आर्थिक वर्ष २०८२।०८३ को चर्चा हुने गरेको छ । आगामी आर्थिक वर्षका योजनाहरु, ति योजनाका लागि आवश्यक विनियोजित बजेटका विषयमा छलफल हुने गरेको देखिन्छ । सकिएको आर्थिक वर्षमा समयमा काम नहुँदा धेरै विकास योजनाहरुको बजेट फ्रिज गएको चर्चा हुने गरेको छ । भुक्तानीको हिसाबले सकिएको तर दिनका हिसाबले सकिनै लागेको आर्थिक वर्षमा डोल्पामा धेरै योजनाका लागि बजेट परेको थियो । धेरै बजेट परेको भए पनि सम्बन्धित निकाय तथा कार्यालयहरुले ठेक्का सूचना ढिलो खोलेका कारण धेरै योजनाहरुको काम नसकिदा धेरै योजनाहरु निर्माणाधिन अवस्थामा अलपत्र पर्ने देखिएका छन् ।

यति बेला काम नसकेका कारण फर्केको बजेटको चर्चा सँगै आइसकेको नयाँ आर्थिक वर्ष २०८२।०८३ मा सम्बन्धित तहका सरकार तथा योजनाका लागि बजेट दिने सरकार र ती सरकारका सम्बन्धित कार्यालयहरुले समयमै ठेक्का खोलिदिनु पर्ने र काम पनि तोकिए अनुसार हुने चर्चा चलिरहेको छ । सम्बन्धित निकायले ठेक्कै ढिला खोल्ने काम पुरा नहुँदा योजनाहरुको काम अधुरै छाडेर बजेट फ्रिज गर्दा योजनाहरु अलपत्र पर्ने गरेको जनगुनासो रहेको छ । अहिले नसकिएका योजनाका लागि आउने आर्थिक वर्षमा बजेट विनियोजन नहुने भएकै कारण योजनाहरु अलपत्र पर्ने अवस्था देखिएको छ । यसो हुँदा राज्यको विकास बजेट अनावश्यक खेर जाने गरेको पाइन्छ । डोल्पा मै धेरै योजनाहरु अधुरा हुँदा ती योजना स्थानीय तथा कार्यालयले सम्पन्न गर्न नसक्ने सम्बन्धित सरकारबाट योजनाका लागि बजेट नआउने हुँदा ती योजनाहरुको काम पुरा गरी सम्बन्धित योजनाबाट लाभ लिन नसक्ने अवस्था हुने गरेको देखिएको छ ।

आर्थिक वर्ष सकिएर नयाँ आर्थिक वर्ष सुरु हुँदै गर्दा विकास योजना र बजेटको कुरा मात्रै हुँदैन । सकिनै लागेको र यस अघिका आर्थिक वर्षमा अपनाइएका नीति, विधि, प्रकृया, पद्धतिका विषयमा समेत चर्चा हुने गरेको पाइन्छ । विकास योजनाहरुको कार्यान्वयनका साथ साथै आर्थिक तथा देशको मौद्रिक नीतिले विकासका काममा निकै फरक पार्ने देखिएको छ । त्यस कारण सम्बन्धित निकायहरुले सकिनै लागेको आर्थिक वर्षमा परेका अप्ठेरा, गारा, समस्याहरुको अनुभव लिँदै आउनै लागेको आर्थिक वर्षमा ती समस्याहरु समाधान हुने गरी विकास योजनाहरुको कार्यान्वयन गर्नु पर्छ । विकासका हरेक पक्षलाई राम्रोसँग केलाएर समस्याहरु नआउने गरी, विकास योजना र ती योजनाको बजेट फ्रिज नहुने साथै समयमा अनि आवश्यक परिमाण र गुणस्तरमा सम्पन्न हुने गरी राज्यले पहलकदमी अघि बढाउनु आवश्यक छ । यसका लागि सम्बन्धित निकाय तथा कार्यालयहरुले गम्भिर भएर समिक्षा गर्दै काम संचालन गर्नु आवश्यक छ । चेतना भया ।

# छुटिजानेहरुको नाममा

अविनाश भट्टराई
रातोपाटीबाट

...........
औजार
चन्द्रमणि चापागाई

ढुङ्गा मूर्ति बनेपछि
म छिनोबाट फलाम बन्छु ।
र कुरिबस्छु अर्को ढुङ्गा ।

भुईं पुछिसकेपछि
कसले पुछिदेला मेरो आफ्नै देहको टाटो
म
भगवान्को टालो
जो
अँगालो मार्न ठिक छ
अँगाल्न ठिक छैन ।

अर्पेर
एउटा भजन भगवान्लाई
र यो देह प्यासीहरूलाई ।
प्रत्येक रात सपनामा
भगवानले शिरमा हात राखेर आशीर्वाद दिन्छन् ।
प्रेमीले तनमा मन राखेर आश दिन्छन् ।
म यसरी नै बाँचिरहेकी छु ।

मेरो सत्य मेरो सत ।
मेरी आमा,
मैले तिम्रो कसम खाएदेखि नै हो
तिम्रो दम बढेको ।
म आफू बाँच्नका लागि आफैँलाई खान्छु ।
तिमीलाई बचाउनका लागि कसम खान्छु ।

मेरो नियति मेरो नियत ।
मन धेरै जमेपछि
हातगोडा पनि जम्ने रैछन् ।
म शराब सजाएर बसेकी छु जिन्दगी भर
अन्तिम श्वासमा पानी माग्नेछु ।

मेरो चाह मेरो चैन ।
मेरी छोरीको मन
प्रेमिल होस् ।
उसले देखोस्
कि
घामले आफूमै
हिँड्दाहिँड्दै
उज्यालोमै विश्राम गर्छ ।
खोजी बस्दैन
रातको औजार ।
०००

भालेको मौन विद्रोह
- गोमा श्रेष्ठ
एक बिहानको चिसो ब्युँझाइ
जहाँ घाम आउनुअघि नै
बेलुकीहरू
आफ्नै छाया गुमाएर
साँझको साँघुरो कुनामा थचक्क बस्छन् ।

त्यही मौनताको मोहोडा चिरेर
उभिरहेको
एक कर्णकम्पित कलकल आवाजलाई
कसैले सोध्यो:
'किन तिमीलाई बाँच्न दिँदैनन् मानिसहरू ?'
काखमा सूर्य बोकेको ....................

# महिला च्याम्पियनसिपमा पहिलो जित

सुस्केरा समाचारदाता

काठमाडौं, असार - नेपालले साफ यु-२० महिला च्याम्पियनसिपमा भुटानविरुद्ध सानदार जित निकाले को छ । बङ्गलादेशको ढाकामा जारी च्याम्पियनसिपको पहिलो खेलमा ने पालले भुटानलाई ६-१ गोलले हरायो । शनिबार राति भएको एकपक्षीय खे लमा नेपालले पहिलो र दोस्रो हाफमा समान तीन तीन गोल गरेको थियो । नेपालका लागि स्ट्राइकर पूर्णिमा राई एक्लैले चार गोल गर्नुभयो । सोनु परियारले दुई गोल थप्नुभएको थियो । भुटानले दोस्रो हाफको सुरुवातमा एक गोल फर्काएको थियो । भुटानका लागि केल्देन वाङ्मोले गोल गर्नुभयो । चार टोली सहभागी च्याम्पियनसिपको दोस्रो खेलमा नेपालले आइतबार घरे लु टोली बङ्गलादेशको सामना गर्नेछ । नेपाल र बङ्गलादेशको भिडन्त दुवै टो लीका लागि फाइनल सरह हुनेछ । बङ्गलादेशले पनि श्रीलङ्कालाई ९-१ गो लले हराउँदै सुखद सुरुवात गरेको छ । सहभागी चार टोलीले एक आपसमा दुई पटक खेलेपछि शीर्षस्थानमा रहने टोली च्याम्पियन बन्नेछ ।

यसैबिच खेलप्रेमीहरुका लागि अको ' खुसिको खबर प्राप्त भएको छ । ने पालमा राति आयोजना हुने एक मात्र १० किलोमिटर दूरीको ‘नेपालगन्ज नाइट रन’ लाई अन्तर्राष्ट्रिय मान्यता प्रदान गरिएको छ ।

‘नेपालगन्ज नाइट रन’ लाई एसो सिएसन अफ इन्टरनेशनल म्याराथन एण्ड डिस्टेन्स रेस (एम्स) मा औ पचारिक रूपमा आबद्ध छ ।

# स्थानीय सरकारको दायित्व

- भरत गौतम

....... तथा कार्यक्रम प्रस्तुत र पारित गर्ने पद्धति, सामान्य तहका न्यायिक निरूपण गर्न न्यायिक समिति जस्ता प्रभावकारी संरचनाको व्यवस्था छ । वडा तहमा सदस्यसहितको संरचना औपचारिक संयन्त्र र विभिन्न वर्गीय हितका सङ्घ संस्थाको अनौपचारिक संरचना रहेका छन् ।

समग्रतामा नेपालको स्थानीय शासन सबै पक्षलाई हेर्दा वैज्ञानिक नै छ । स्थानीय शासन प्रणाली घर घरमा सिंहदरबार भन्ने अवधारणामा नै के न्द्रित छ । धेरै स्थानीय तहको सङ्ख यात्मक नतिजा आशा लाग्दा नै छन् । समग्र मूल्याङ्कनमा सकारात्मक पक्षको मात्र पक्षपोषण गर्न सकिने अवस्था भने देखिँदैन ।

स्थानीय तहका पदाधिकारीबिच हुने द्वन्द्वको प्रभाव पहिलो चुनौती हो । विभिन्न दलका जनप्रतिनिधिको चयनसँगै दलीय विचारको द्वन्द्वले दै निक काम कार्यमा असर परको छ । कार्यपालिकाको बैठक नियमित बस्न नसक्नु र पालिका सभा समयमै हुन नसक्दा आवश्यक निर्णय समयमा नहुनु, कानुनी प्रक्रियाको पालना नगर्नु, जनताप्रतिको उत्तरदायित्व र जिम्मेवारी बोध नगर्नु, स्रोतसाधनको उपयोग गर्ने असल पद्धतिमा ध्यान नजानु जस्ता विकृत रूप पनि स्थानीय शासनमा देखिएका छन् । कर्मचारीको दैनिकी पदाधिकारीको मिलन बिन्दु खोज्ने काममा समय खर्चिंदा सेवा प्रवाहमा असर परेका उदाहरण छन् । पदाधिकारीबिचको द्वन्द्व अन्त्य गर्न लोकतान्त्रिक पद्धतिलाई प्रभावकारी बनाउनु पर्छ । दलीय प्रणालीमा दलले त्यस्ता गतिविधि हुन नदिन लोकता न्त्रिक संस्कारको पालना, उत्तरदायी हुने र जिम्मेवारीबोध गराउन नैतिक दबाब दिन आवश्यक छ । पदाधिकारी ले कानुनले दिएको अधिकारको पूर्ण पालना र पारदर्शी व्यवहारसहितको सक्रियता बढाई सुखद भविष्य बना उन आवश्यक छ ।

स्थानीय तहमा व्यापक भ्रष्टाचार को विषय दोस्रो चुनौतीका रूपमा रहेको छ । सेवा प्रवाह गर्दा हुने अ नियमितता, स्रोतसाधनको दुरुपयो ग, ढिलासुस्ती एवं सूचनाको पहुँचमा अवरोध, दलालीको सहयोगमा हुने से वा जस्ता भ्रष्ट व्यवहारले आलोचित छ स्थानीय शासन । लेखा परीक्षण प्रतिवेदन, अख्तियारमा पर्ने उजुरी तथा कामको नियमितता र गुणस्तर ीयताको गुनासोले नै प्रस्ट पारेको छ । स्थानीय तहमा स्वनियमन गर्ने पद्धति पनि छ तर प्रभावकारी हुन सकेको छैन ।

भ्रष्टाचार मानवीय विकृत रूप हो । कानुन र संयन्त्रले मात्र भ्रष्टाचार निर्मूल हुँदैन । नैतिक बन्धनसहितको दबाब नियन्त्रणका लागि आव श्यक छ । स्थानीय जनताको चेतना र जागरुकताले भ्रष्ट व्यवहारमा न्यूनीकरण गर्न सकिन्छ । समग्रमा पारदर्शिता, सूचनामा पहुँच, नागरिक निगरानी र नैतिक दबाब एवं असलताको प्रोत्साहन र अनैतिकताको सामाजिक बहिस्करणसहित दण्डित गर्ने कार्यमा जोड दिनु पर्छ ।

बजेट तथा कार्यक्रमको प्राथमिकीकरण नहुनु तेस्रो चुनौती हो । स्थानीय तहमा वार्षिक बजेट तथा कार्यक्रम बनाउने सात वटा चरण छन् । स्थानीय टो लदेखि अनिवार्य र आवश्यकताका कार्यक्रम छनोट गर्ने र अर्को चरणमा प्रवेश गर्ने प्रक्रियाको पालना हुन सके को छैन । आयआर्जनका कार्यक्रमले प्राथमिकता नपाएको र अव्यवस्थित पूर्वाधार निर्माण एवं पर्यावरणमा अवरोध उत्पन्न भएको छ । पूर्वाधार का काम गर्दा प्राविधिक .. (गोपबाट)





वर्षै रमाइलो । पाटनमा भेडाको बथान ।

# कर्णालीबाट ११ अर्ब बजेट फ्रिज

सुस्केरा समाचारदाता

सुर्खेत, असार - कर्णाली प्रदेश सरकार को चालु आर्थिक वर्ष २०८१/८२ मा पनि बजेट कार्यान्वयन निराशाजनक देखिएको छ । ८० प्रतिशत खर्च गर्ने लक्ष्य लिएको प्रदेश सरकारले आर्थिक वर्षको अन्त्यसम्म जम्मा ६४.८६ प्रतिशत मात्रै बजेट खर्च गर्न सके को छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार चालु आवका लागि विनि योजित ३१ अर्ब ३० करोड रुपियाँ बजेटमध्ये जम्मा २० अर्ब ३० करोड ११ लाख रुपियाँ मात्रै खर्च भएको छ । बाँकी करिब ११ अर्ब रुपियाँ फ्रिज भएको छ । लेखा नियन्त्रक रत्नप्रसाद सुवेदीका अनुसार प्रदेश सरकारले जेठ मसान्तसम्म १२ अर्ब ८८ करोड रुपियाँ खर्च गरेको थियो ।

असारको अन्तिम २५ दिनभित्र सात अर्ब ४२ करोड खर्च भएको तथ्याङ्कले गुणस्तरभन्दा पनि जसरी पनि खर्च गर्नुपर्ने प्रवृत्ति दोहोरिएको सङ्के त गर्छ । प्रमुख प्रतिपक्षी नेता तथा पूर्वमुख्यमन्त्री राजकुमार शर्माले सर कार योजनाविहीन र दिशाहीन दे खिएको टिप्पणी गर्नु हुन्छ ।

कर्णाली प्रदेशले पुँजीगत बजेटतर्फ अझै निराशाजनक प्रदर्शन गरेको छ । कुल १८ अर्ब ७९ करोड विनियोजित पुँजीगत बजेटमध्ये जम्मा १० अर्ब ९६ करोड रुपियाँ ९५८.६३५० मात्र खर्च भएको छ । असारको अन्तिम २५ दिनमै मात्रै कुल पुँजीगत बजेटको २६.२२ प्रतिशत खर्च भएको देखिन्छ । सबैभन्दा धेरै पुँजीगत बजेट पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयले ५७.०५ प्रतिशत मात्रै खर्च गर्न सके को छ । बजेट खर्चको सुस्त गतिले विकास आयोजना समयमै सम्पन्न नहुने खतरा बढेको छ । यसको प्रत्यक्ष असर नागरिक सेवामा देखिएको छ । कर्णाली सरकारले चालु आवमा पुँजीगत बजेटतर्फ ५८.६३% भयो ।

# सामान्य ज्ञान ४०

१. नेपाललाई कहिलेसम्म सहयोगापेक्षी सडक मानवरहित नेपाल घोषणा गने लक्ष्य लिइएको छ ?

☐ विसं २०८२

२. नैरोवी फ्लाई भन्नाले के बुझिन्छ ?

☐ छालामा सङ्क्रमण ल्याउने किरा (नेपालमा २०७९ असारमा देखिएको ।)

३. अरुण, तमोर र सुनकोशी नदीको सङ्गमस्थलमा रहेको विशाल ढुङ्गालाई के नामले चिनिन्छ ?

☐ खुवालुङ

- धनकुटा, भोजपुर र उदयपुरको सीमा क्षेत्रमा अवस्थित यो ढुङ्गा किराँत राई समुदायको सांस्कृतिक आस्थाको केन्द्र मानिन्छ ।

४. राष्ट्रिय लेखक दिवस कहिले मनाइन्छ ?

☐ वैशाख १६

- नेपाली लेखक सङ्घद्वारा २०८२ जेठ १६ गते तेस्रो राष्ट्रिय लेखक दिवस मनाइएको ।

- राणाकालमा लेखक तथा बुद्धिजीवीले पुस्तकालय स्थापना गर्न खोज्दा तत्का लीन प्रधानमन्त्री भीमशमशेरले दण्डित गरेको घटनालाई पुस्तकालय पर्वका नामले चिनिन्छ । सो दिनलाई आधार मान्दै वैशाख १६ लाई लेखक दिवसका रूपमा मनाउँदै आइएको ।

- सङ्घले विसं २०८० देखि लेखक दिवस मनाउन थालेको ।

# धान नेपालको धन

- विन्दुकान्त घिमिरे

..... त्यसो त छिमेकी देश भारतमा धानको उत्पादकत्व एउटा सिजनमा प्रतिहेक्टर छ मेट्रिक टन पुगेको छ । नेपालमा पनि बाह्रै महिना सिँचाइ सुविधा प्रदान गरी यसैको हाराहारीमा उत्पदकत्व पुऱ्याउन सक्ने हो भने धान उत्पादन दोब्बर हुन्छ । धान उत्पादन दोब्बर हुनासाथ देशको अर्थतन्त्रले कसरी काँचुली फेर्छ ? भन्ने कुरा जगजाहेर छ ।

नेपालमा कुल धान खेती हुनेमध्ये करिब ८० प्रतिशत क्षेत्रफल तराईमा छ । सरकारले तराईलाई लक्ष्य गरी पछिल्ला वर्षहरूमा राष्ट्रिय गौरवका रूपमा सुरु गरेका सिँचाइ आयोजना मध्ये अधिकांश निर्माण सम्पन्न हुने चरणमा छन् । भेरी-बबई डाइभर्सन, सुनकोशी-मरिण डाइभर्सनलगायतका केही आयोजना अबको पाँच वर्षभित्र सम्पन्न हुँदै छन् । यी आयोजनाले कम्तीमा पनि थप पाँच लाख हेक्टर खेतमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने क्षमता राख्छन् । तराईको सम्पूर्ण क्षेत्रमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउन नेपाललाई नदी नालाले मात्रै साथ दिएका छैनन्, भूगोलले पनि प्रचुर साथ दिएको छ ।

त्यसो त पछिल्ला वर्षहरूका सरकारले बिजुली महसुलमा सहुलियत दिन थाले पछि चैते धानको खेती फस्टाएको छ । भूमिगत पानी तथा खोला, नदीको पानी तानेर किसानले चैते धान लगाउन थालेका छन् । चैते धान भित्र्याउने भनेको जेठ अन्तिम सातादेखि असारभरि हो तर यही बेला आकाशबाट पानी पर्न थाल्छ । सुकाउने र भण्डारण गर्ने समस्या आइपर्छ । किसानहरू जतिसक्दो छिटो चैते धान बेच्न चाहन्छन् । किसानको यही बाध्यताको फाइदा उठाएर व्यापारीले हदैसम्म बार्गेनिङ गर्छन् । भण्डारण तथा बिक्रीका मामिलामा किसानले चैते धानमा सास्ती बेहोरेका छन् ।

आयात निर्यातको भाष्य

विगतमा नेपाल धानचामल निर्यातक देश थियो तर अहिले आयात गर्ने देश बनेको छ । सिँचाइका लागि प्रचुर जलस्रोत, जाँगरिला किसान र धान खेतीका लागि उपयुक्त हावापानी हुँदाहुँदै पनि नेपाल धानचामल आयात गर्न बाध्य हुनु भनेको एक हिसाबले विडम्बना नै हो तर यो विडम्बनालाई राजनीतिक स्वार्थको नारा बनाएर गलत ढङ्गले भ्रम छर्ने प्रयास भएको छ । त्यो भ्रम हो, 'राजाले सक्रिय शासन गर्दासम्म नेपालले धानचामल निर्यात गर्थ्यो तर बहुदलीय व्यवस्था आएपछि आयात गर्नुपर्ने अवस्थामा पुगेको छ ।' पहिलो कुरा, राजाको सक्रिय शासन समाप्त भएको २०४६ सालमा हो । नेपालले धानचामल आयात गर्न थालेको २०३५ सालदेखि हो । दोस्रो कुरा, राजाको शासनकालमा तराईको धान चामल पहाडमा ढुवानी गर्नका लागि सडक सुविधा थिएन । खच्चर तथा मान्छेले बोकेर ढुवानी गर्दा ज्यादै महँगो पर्ने भएकाले पहाडका किसानले कोदो र मकै बढी प्रयोग गर्थे । तराईका किसान सस्तो मूल्यमा धानचामल भारत निर्यात गर्न बाध्य थिए । उदाहरणका लागि २०४६ सालमा रुपन्देहीको जनसङ्ख्या र गुल्मीको जनसङ्ख्या बराबर अर्थात् करिब दुई/दुई लाख थियो । सडक सुविधा नभएकाले रुपन्देहीको चामल गुल्मी पुग्न सम्भव थिएन । पुगिहाले पनि महँगो ढुवानीका कारण सर्वसाधारणले किनेर खान सक्ने अवस्था थिएन । निश्चित चाडपर्व र पूजाआजाबाहेक गुल्मीका ९० प्रतिशत जनताले चामलको भात खान पाउने अवस्था थिएन । एकातिर रुपन्देहीको धान चामल सस्तो मूल्यमा भारत जाने अर्कातिर गुल्मीका जनताले चामल देख्न चाडपर्व पर्खनुपर्ने अवस्था थियो । अहिले रुपन्देहीको जनसङ्ख्या बढेर ११ लाख पुगेको छ । गुल्मीको खासै बढेको छैन । अर्कोतिर घर घरमा सडक सुविधा पुगेको र आर्थिक हैसियत पनि बढेका कारण गुल्मी जिल्लाका जनताले दुई छाक चामलको भात खान थालेका छन् ।

गुल्मी र रुपन्देही त उदाहरणका रूपमा मात्रै प्रस्तुत गरिएको हो । राजाको सक्रिय शासनकालमा दुई छाक भात खाने आर्थिक हैसियत भएको जनसङ्ख्या कति थियो, अहिले कति छ ? भन्ने तथ्याङ्कले धानचामल आयात निर्यातको भाष्यलाई उजागर गर्छ । यथार्थ के हो भने २०३५ सालदेखि धानचामलमा परनिर्भर हुन थालेको नेपाल २०९० सालभित्र आत्मनिर्भर हुने देखिन्छ ।

नेपालको जनसङ्ख्या र धान उत्पादन को तथ्याङ्कलाई तुलना गर्ने हो भने भारतबाट ठूलो परिमाणमा चामल आयात गर्नुपर्ने बाध्यता छ जस्तो देखिन्न । किनकि २०८१ सालमा ५९ लाख ५५ हजार मेट्रिक टन धान उत्पादन भएको सरकारी तथ्याङ्क छ । धानबाट ६२ प्रतिशत चामल उत्पादन हुन्छ । यस हिसाबले ३७ लाख मेट्रिक टन चामल हुन्छ । तीन करोड जनसङ्ख्याले भात मात्रै खाँदा पनि ४० लाख मेट्रिक टनले पुग्ने विज्ञहरूको तथ्याङ्क छ । यस हिसाबले पनि करिब तीन लाख मेट्रिक टन मात्रै चामल अपुग हुने देखिन्छ । धानबाहेक गहुँ, मकै, कोदोलगायतका खाद्यान्न पनि प्रशस्त प्रयोग हुन्छ तर वार्षिक १२ देखि १५ लाख मेट्रिक टन बराबरको धानचामल नेपालमा आयात हुने गरेको तथ्याङ्क छ । त्यसैले कि जनसङ्ख्याको तथ्याङ्क गलत छ कि त धान उत्पादनको तथ्याङ्क गलत छ ।

गर्ने के ?

हरेक वर्ष धान दिवस मनाइरहँदा धान खेती घटिरहेको, धान खेतीमा संलग्न कृषक पनि घटिरहेका र आयातको अङ्क बढिरहेको तथ्याङ्क सरकारले नै सार्वजनिक गर्ने गरेको छ । लगानी अनुसारको मूल्य नपाएकै कारण यस्तो भएको हो । भारतबाट आयात हुने चामलसँग नेपाली किसानले प्रतिस्पर्धा गर्न सक्ने अवस्था छैन । सिँचाइको समस्या तत्कालै समाधान गर्न सकिन्न, समय लाग्छ । सिँचाइ आयोजना निर्माणको अवधि अकल्पनीय रूपमा बढ्नुको कारणप्रति पनि सरकार गम्भीर हुनु पर्छ ।

नेपालबाट सस्तो मूल्यमा धानचामल भारत तस्करी हुने गरेको र भारतबाट महँगो मूल्यमा धानचामल नेपाल आयात हुने गरेको कृषि मन्त्रालयले जनाउँदै आएको छ । मन्त्रालयका अनुसार नेपालमा मोटो धानको उत्पादन बढी हुन्छ तर सहरी क्षेत्रमा मसिनो धानको चामलको माग बढी छ । यसै गरी किसानसँग भण्डारण गरेर राख्ने क्षमता छैन । बाली भित्र्याउनासाथ बिक्री गर्नुपर्ने बाध्यता छ । यो बाध्यताको फाइदा भारतीय व्यापारीले लिइरहेका छन् । धान उत्पादन हुने मुख्य क्षेत्र तराई हो भने धानचामलको माग हुने मुख्य क्षेत्र पहाड तथा हिमाल हो तर हिमाली तथा पहाडी क्षेत्रमा भारतको चामल पुग्ने गर्छ ।नेपालमा सबैभन्दा कमजोर आर्थिक हैसियत किसानको छ । यो समस्या हरेक वर्ष बढ्दो छ भन्ने कुरा सरकारी तथ्याङ्कले नै पुष्टि गर्छ । सरकारी तथ्याङ्क अनुसार कुल जनसङ्ख्याको ६५ प्रतिशत कृषि पेसामा संलग्न छ तर देशको कुल गार्हस्थ उत्पादन मा कृषि उपजको योगदानछ


## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

## बालअधिकार प्रति संवेदनशील बनौं

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको सुनिश्चित गरौं गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

ठुलीभेरी नगरपालिका, डोल्पा

## भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले

- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले

- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

मुड्केचुला गाउँपालिका, डोल्पा

# त्रिपुरासुन्दरी नगरपालिकामा आर्थिक बेथिति

सुस्केरा समाचारदाता

डोल्पा, असार - हिमाली जिल्ला डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका मा आर्थिक अनुशासनको चरम उल्लंघन भएको महालेखा कार्यालयले सार्वजनिक गरेको लेखा परीक्षण प्रतिवेदनमा उल्लेख छ ।

ऐनले तोकिएको कानुनी सीमा उल्लंघन गर्दै आन्तरिक निर्देशिका र नगर सभाको निर्णयको आधारमा मात्र रकम वितरण गरिएको छ, जसलाई विधिसम्मत नभएको भन्दै महालेखाले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ।प्रतिवेदनका अनुसार चालू आर्थिक वर्ष २०८१/८२ मा नगर प्रमुख जनचन्द्र रोकाया, उप-प्रमुख देवी घर्ती र तत्कालीन प्रमुख प्रशासकीय अधिकृतहरूको भान्सा खर्चका नाममा मात्रै १८ लाख ६० हजार रुपैयाँ भुक्तानी गरिएको छ ।

यो रकम कर्णाली प्रदेशको "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७" मा तोकिएको सीमा भन्दा कति गुणा बढी हो ।

निर्देशिकाको भरमाः लाखौंको भान्सा सुविधा कसरी बाँडियो ?

नगरपालिकाले आफैले पारित गरेको "पदाधिकारी तथा कर्मचारी सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७९" अनुसार :

नगर प्रमुखलाई मासिक ७५,०००, वार्षिक ९ लाख

उप-प्रमुखलाई मासिक ६५,०००, वार्षिक ७.८ लाख

प्रमुख प्रशासकीय अधिकृतलाई मासिक १५,०००, वार्षिक १.८ लाख

यसरी भान्सा खर्च शीर्षकमै करिब १८ लाख ६० हजार विनियोजन गरिएको देखिन्छ ।

तर प्रदेश ऐनको दफा ४ र १५ (२) मा स्पष्ट भनिएको छ– स्थानीय तहले बढी सुविधा दिन सक्दैनन् । ऐनबाहेक अन्य कुनै निर्देशिका मार्फत यस्तो सुविधा वितरण गर्न कानुनले अनुमति नदिएको उल्लेख छ ।

बजेट शीर्षक फरक, खर्च कहाँ पो गरियो!

त्रिपुरासुन्दरी नगरपालिकाले विनियोजन शीर्षक विपरीत रकम खर्च गरेको थप अनियमितता पनि प्रतिवेदनमा उल्लेख छ ।

निम्न कार्यक्रमहरुमा असम्बन्धित शीर्षकबाट बजेट प्रयोग :

विपद् व्यवस्थापन तथा मर्मत सम्भार शीर्षकबाट "तेस्रो मेयर कप र सांस्कृतिक महोत्सव"मा ५ लाख खर्च ।

प्रशासकीय भवन निर्माण बजेटबाट : मष्टा मन्दिरमा भवन निर्माण : ५.६ लाख

घट्टे खोलादेखि तीर्थस्थलसम्म घोरेटो बाटो : १.९ लाख

गल्ली गाउँमा सार्वजनिक धारा निर्माण : १.२४ लाख

जम्मा अनियमित खर्चः रु. १३,७४,५१९

यस्ता खर्च स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ र आर्थिक कार्यविधि नियमावली, २०७७ को नियम ३९(१२) विपरीत देखिएको छ । सात दिनभित्र नियमअनुसार नियमित गर्नुपर्ने व्यवस्था हुँदा पनि त्यस्तो प्रक्रिया अपनाइएको छैन ।

शसर्त बजेटको दुरुपयोग : प्रमाणबिनै १७ लाख बढी भुक्तानी

अझ गम्भीर विषय त के छ भने, संघीय सरकारले स्वास्थ्यकर्मीका लागि पठाएको शसर्त बजेटलाई अन्य करार सेवाका कर्मचारीहरूमा खर्च गरिएको छ ।

महालेखाका अनुसारः

शिक्षा क्षेत्रका २ करार कर्मचारी र १ नगर प्रहरी

स्वास्थ्यका ३७ करार कर्मचारी – यी सबैको पारिश्रमिक र रासन भत्ता वापत १७ लाख १८ हजार ५८० रुपैयाँ प्रमाणबिनै भुक्तानी गरिएको हो ।

कानुन के भन्छ ?

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७(१) अनुसार– शसर्त बजेटलाई निर्धारित शीर्षक बाहेक खर्च गर्न पाइदैन। महालेखाले यस्तो खर्चलाई अनुचित, गैरकानुनी भन्दै संघीय खातामा फिर्ता गर्नुपर्ने प्रक्रिया अघि बढाउन स्पष्ट सिफारिस गरेको छ ।

त्रिपुरासुन्दरी नगरपालिकाको एक वर्षे खर्च मात्रै हेर्दा पनि वित्तीय अनुशासन, कानुनी बाध्यता र सार्वजनिक उत्तरदायित्वको ठाडो उल्लंघन भएको देखिन्छ।स्थानीय तहमा बढ्दो मनोमानी र कानुनमाथिको शासन प्रति चासो र चिन्ता दुवै बढाएको छ।महालेखा परीक्षकको प्रतिवेदनका सम्बन्धमा नगरप्रमुख जनचन्द्र रोकायासंग बुझ्दा नगरपालिकाले पारित गरेको "पदाधिकारी तथा कर्मचारी सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७९" अनुसार खर्च गरिएको बताए । उनले भने हामीले अनावश्यक खर्च गरेका छैनौ । अब हामी सबै सामु एउटै प्रश्न छ अहिलेको मौनता, भोलिको जिम्मेवारीबाट उम्किन पर्याप्त हुन्छ त ?

यो त भयो । मलेनिकाले प्रष्ट देखेका आर्थिक अनियमितताका विषयहरु अरु घुमाउरो पाराले आर्थिक घोटाला गरेका थुप्रै अनियमितता रहेको स्थानीयहरुको दावी रहेको छ । दिनु पर्ने विकास योजना तथा गर्नु पर्ने आर्थिक गतिविधि, गर्नु पर्ने सार्वजनिक सूचना बिनै थुप्रै कामहरु भएका छन् । सूचनाहरु लुकाएर तथा गोप्य राखेर हुने आर्थिक गतिविधिका कारण नगरपालिकाको सबै काम पारदर्शी देखिदैन । पारदर्शी नहनु भनेको आर्थिक अनुशासन नमान्नु, नीति नियमको पालना नगर्नु, मनपरि तरिकाले तोक आदेशमा बजेट खर्च गर्नु, पक्षपातपूर्ण तरिकाले बील भुक्तानी गर्नु, आवश्यक योजना भन्दा पनि नातावाद, कृपावाद र दवावका भरमा योजना दिदै भुक्तानी पनि दिने गरिएको छ रे ।


## स्तनपानः बालबालिकालाई बरदान

आमाको दुध बालबालिकाका लागि अमृत समान हुन्छ। त्यसैले,

- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दुधको विकल्पमा बट्टाको दुध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।

त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गने वस्तु (विक्रि वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

## सूचना । सूचना ॥ सूचना ॥।

सुख्खाको समयमा हावाहुरि, आगलागिका कारण हुने क्षेतिलाई न्यूनिकरण गर्नका लागि सबै जना सचेत हुनु आवश्यक छ ।
त्यसैले सबै जना सचेत बनौ ।
आगोलागि हुन नदिनका लागि जथाभावी आगो नबालौं,
बाले पनि राम्रोसँग निभाऔं ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा

## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

-पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङगी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीका मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने टयाङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी टयांकी, धाराका टुटी तथा संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

## सूचना । सूचना ॥ सूचना ॥।

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईंसराइ र सम्बन्ध विच्छेद लगायतका घट्नाहरु, घटना घटेको ३५ दिन भित्र यस पालिकाका नागरिकहरुले आफ्नो वडा कार्यालयमा दर्ता गरौं, गराऔं ।

काइके गाउँपालिका, डोल्पा

# पूरा हुँदै ओली सपना

- राजेन्द्र अर्याल

अहिले जबरजस्त एउटा भाष्य निर्माण गरिँदै छ- 'गणतन्त्र आएपछि सबै बर्बाद भयो । नेपालमा केही हुन्न । अर्थतन्त्र डामाडोल भइसक्यो ।' यस्तो भाष्य निर्माण गरी समाजलाई निराश बनाइँदै छ । नकारात्मक कुरा दोहोर्‍याइ-तेहेर्‍याइ भनिरहने प्रवृत्तिले भएका कामभन्दा नभएका र असत्य कुराले बजार पाउने गर्छ । तथ्याङ्कमा टेकेर सत्य कुराभन्दा नपत्याउने तर मिथ्याङ्कले बजार मात्र नभएर सम्मानित संसद् नै गर्माउने अवस्थामा छ । तथ्याङ्कमा टेकेर वस्तुनिष्ठ मूल्याङ्कनको कल्पना विद्यमान नेपाली समाजको सपना जस्तै बन्न थालेको छ ।

पछिल्ला तथ्याङ्क हेर्दा देश बर्बाद भएको देखाउँदैन । गणतन्त्रले नागरिकलाई जुन अधिकार दिएको छ, त्यो अधिकार प्रयोग गरेर धेरै परिवर्तन भएका छन् । सरकारका नीति तथा कार्यक्रम लोक कल्याणकारीतर्फ उन्मुख छन् । अपेक्षित प्रगति नभएको हुन सक्छ, तर हुँदै नभएको भन्दा आफ्नै आँखाले आफैँलाई छलेसरह हो । यद्यपि सबै क्षेत्रको इच्छाशक्ति भएको भए देशले अहिलेभन्दा अझ धेरै प्रगति हासिल गर्न सक्थ्यो ।

देशका विभिन्न क्षेत्रमा धेरै परिवर्तन भएका छन् । विकास निर्माण र पूर्वाधारका क्षेत्रमा धेरै काम भएको छ । दूरदर्शी नेतृत्वकै कारण देशको विकासले आसलाग्दो गति लिएको छ । नागरिकलाई समृद्धिको सपना देखाउँदै 'समृद्ध नेपाल सुखी नेपाली' को दीर्घकालीन लक्ष्य पूरा गर्न वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका विकासका परिकल्पनालाई खिस्सी ट्युरीको विषय बनाउने समाजकै अघि देश बन्ने थुप्रै आधार छन् । जसमध्ये केही प्रमुख आधार यहाँ उल्लेख गरिएको छ ।

जलजलेमा पेट्रोलियम अन्वेषण

दैलेखको जलजलेमा पेट्रोलियम पदार्थ भएको अन्वेषणमार्फत नेपाली नागरिकमा प्रधानमन्त्री ओलीले जगाएको महत्वपूर्ण आशा हो । बर्सौँदेखि ज्वाला बलेको अनुमानका आधारमा ओली नेतृत्वको सरकारले २०८१ वैशाख २८ गतेदेखि सुरु गरेको ड्रिलिङको प्रारम्भिक अध्ययनमा मिथेन ग्यास भेटिएको छ । चिनियाँ विज्ञहरूको टोलीले गरेको अन्वेषणमा भैरवी गाउँपालिका -१ जलजलेमा एक सय १२ अर्ब घनमिटर प्राकृतिक ग्यास रहेको प्रारम्भिक प्रतिवेदन प्रामाणित खानी तथा भूगर्भ विभागले गरेको छ ।

नेपालले ग्यास विदेशबाट आयात गरेर प्रयोग गरिरहेको अवस्थामा स्वदेशमै ठूलो परिमाणमा ग्यास रहेको पुष्टि भएको जलजले आसपासका क्षेत्रमा थप अन्वेषणको कामलाई अघि बढाउने लक्ष्य प्रधानमन्त्री ओलीको छ । प्राकृतिक रूपमा ग्यास भएको प्रमाणित भएका स्थानमा ग्यास उत्पादनको काम अघि बढाउने र थप स्थानमा अन्वेषण गर्दै पश्चिम नेपालबाट समृद्ध नेपालको ढोका खोल्ने सपना प्रधानमन्त्री ओलीको छ । ओलीकै पालामा 'चिनियाँ विज्ञले गरेको अध्ययनमा एक सय १२ अर्ब घनमिटर ग्यास रहेको प्रारम्भिक प्रतिवेदनले आमनेपालीमा मात्र नभए विश्व समुदायलाई आशाको सञ्चार गरेको छ । २०७२ सालमा भारतले नाकाबन्दी लगाउँदा प्रधानमन्त्री ओलीले पेट्रोलियम पदार्थको विकल्पबारे छलफल सुरु गर्दै यो आयोजना अघि बढाउनु भएको थियो ।

पोखरा-भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल

हवाई माध्यमबाट नेपालका प्रमुख पर्यटकीय सहरहरू जोड्ने लक्ष्य ओलीको अहिलेको होइन । ओली नेतृत्वको सरकारले पोखरा, भैरहवा र बाराको निजगढमा एकै साथ अन्तर्राष्ट्रिय विमानस्थल बनाउने योजना अघि सारेको थियो । २०७४ को कात्तिक महिनादेखि निर्माण सुरु भएको पोखरा विमानस्थल २०७९ पुस १७ गते निर्माण सम्पन्न भयो । द्रुतगतिमा भएको निर्माण कार्य अघि बढाइएका पोखरा र भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमार्फत सरकारले नागरिकलाई हवाई क्षेत्रमा जगाएको अर्को आशा हो । २०७१ पुसमा निर्माण प्रारम्भ भई २०७९ वैशाख १ गते परीक्षण उठान भएको गौतम बुद्ध विमानस्थल जेठ २ गते बुद्ध पूर्णिमाको अवसर पारेर सञ्चालनमा आयो ।

बाराको निजगढमा पनि लगभग अन्तिम चरणमा छ । पर्यटन क्षेत्रबाट आर्थिक समृद्धिको मानकका रूपमा अघि सारिएका यी तीन अन्तर्राष्ट्रिय विमानस्थलले पनि देश विकास हिसाबले ठूलो फड्को मार्दै छ भन्ने अर्को महत्वपूर्ण सन्देश हो ।

नौबिसे-काठमाडौँ सुरुङ निर्माण

विसं २०७६ कात्तिक ७ मा प्रधानमन्त्री ओलीबाट शिलान्यास भएको बहुप्रतिक्षित नौबिसे-काठमाडौँ सुरुङमार्ग निर्माणको काम पनि प्रधानमन्त्री ओलीको अर्को महत्वपूर्ण आयोजना हो । कोरोना महामारीले सिर्जना गरेको लकडाउनको बेलामा सुरुङमार्गको निर्माण काम सञ्चाल भएको यो आयोजना 'ब्रेक थ्रु' गर्दै लगभग अन्तिम चरणमा छ । ४२ महिनाभित्र निर्माण सक्ने लक्ष्य लिइएको उक्त सुरुङमार्ग निर्माणमा १६ अर्ब रकम जापान सरकारले सहुलियत ऋणमार्फत उपलब्ध गराएको छ । सुरुङमार्ग सम्पन्न भएसँगै घण्टौँ हुने जाम र यातायात सञ्चालनमा भएको समस्या दीर्घकालीन रूपमा हल हुने मात्र छैन, आधा घण्टा लाग्ने दुरी बढीमा पाँच मिनेटमा पूरा गर्ने छ । नेपालको सडक निर्माणको क्षेत्रमा ओली सरकारले देखेको अर्को सपना हो ।

पुष्पलाल राजमार्ग (मध्यपहाडी)

पूर्वको चिवाभन्ज्याङदेखि सुदूरपश्चिमको झुलाघाटसम्मका मध्यपहाडी क्षेत्रको बस्तीलाई जोड्ने अर्को महत्वपूर्ण आयोजना हो । मध्य पहाडका निमित्त जीवनमार्गका रूपमा अघि सारिएको गौरवको आयोजना पुष्पलाल राजमार्ग निर्माणको काम करिब अन्तिम चरणमा छ । सरकारले तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको एक हजार ८७० किमी लामो यो राजमार्ग निर्माण कम्पनीले देखाएका विभिन्न समस्याले निर्धारित समयभन्दा केही पर धकेलिएको छ । यद्यपि नेपाल-भारत सीमा पूर्व पाँचथरको चियोभन्ज्याङबाट सुरु भई पश्चिम पहाडी जिल्ला बैतडीको झुलाघाट (महाकाली नदी) सम्म गएर टुङ्गिने यो लोकमार्ग पनि नेपालको सडक पूर्वाधार क्षेत्रको अर्को महत्वपूर्ण उपलब्धि हो । प्रधानमन्त्री ओलीको पहिलो कार्यकालको बेला २०७३ भदौमा भएको निर्माणको ठेक्का सम्झौता भएर अघि बढेको यो आयोजना पनि नागरिकमा निराशा छर्नेहरूका लागि देश बन्दै छ भन्ने चोटिलो जवाफ हो ।

सिमकोट राष्ट्रिय सडक सञ्जालमा

नेपालको दुर्गम हिमाली जिल्ला हुम्लालाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने कुरा २६ वर्ष अगाडिदेखि सरकारले ल्याउने हरेक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकतामा पर्दै आएको थियो । सुस्त गतिमा अघि बढेको कर्णाली कोरिडोरको निर्माण कार्यलाई द्रुततर गतिमा अघि बढाउने कामको नेतृत्व मात्र होइन, ७७ औं जिल्ला सदरमुकामका रूपमा सिमकोटलाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने काम प्रधानमन्त्री ओली नेतृत्वको सरकारले नै पूरा गरेको छ । निरन्तर रूपमा निर्माण कार्य अघि बढेको खार्पुपुल निर्माणमा ढिलाइ भएपछि २० कात्तिक २०८१ को मन्त्रीपरिषद् बैठकले अघि सारेको खार्पु बेलिब्रिजको निर्माण लगत्तै प्रधानमन्त्री ओलीले २२ असार २०८२ मा हिमाली जिल्ला हुम्लालाई राष्ट्रिय सडक सञ्जालमा जोडेको घोषणा गर्नुभएको छ । विकासोन्मुख देशको सूचीबाट नेपाललाई स्तरोन्नति गर्ने अन्तिम चरणमा पुगेका बेला मानव विकास सूचकाङ्कको महत्वपूर्ण सूचक मानिने सडकमार्फत नेपालका सबै जिल्ला जोडेर विश्व समुदायसमक्ष ओली नेतृत्वको सरकारले सडक पूर्वाधार क्षेत्रमा महत्वपूर्ण फड्को मारेको प्रमाण हो ।

पूर्वपश्चिम राजमार्ग विस्तार

सरकारले नेपालको सुदूरपूर्व र सुदूरपश्चिम जोड्ने पूर्व पश्चिम राजमार्गलाई विस्तारको योजना अघि सार्‍यो । ओली नेतृत्वको सरकारको दोस्रो कार्यकाल सुरु भएसँगै प्रधानमन्त्री ओलीले २०७५ चैत्रमा बुटवल पुगेर सडक विस्तार तथा स्तरोन्नतिको शिलान्यास गर्नुभयो …


## पानी शुद्धिकरण गर्ने घरेलु विधिहरू

दूषित खानेपानीका कारण विभिन्न पानीजन्य रोगहरु लाग्न सक्ने हुँदा सधैं सुरक्षित खानेपानी मात्र पिउनु पर्दछ । यसका लागि, निम्न उल्लेखित कुनै एक विधि अपनाई पानी शुद्धिकरण गर्न सकिन्छ ।




खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय
डोल्पा
फोन नं.: ०८७-५५०१३८

# सिकाइमुखी शिक्षणको खाँचो

- डा.बासुदेव गिरी

शिक्षा भनेको कुनै पनि राष्ट्रको भविष्य निर्माण गर्ने आधारशिला हो किनकि, उचित शिक्षाको व्यवस्थाले गर्दा मुलुक सभ्य र समृद्ध बन्छ । आधुनिक शिक्षाको लक्ष्य विद्यार्थीलाई ज्ञान, सिप र आलोचनात्मक सोच प्रदान गर्नु हो । हाम्रो शिक्षा प्रणालीमा सिकाइ र परीक्षा प्रणालीबिच सन्तुलन कायम गर्न नसक्दा विद्यार्थीको समग्र शैक्षिक विकासमा चुनौती देखिएको छ । सिकाइमा सुधार र परीक्षा प्रणालीमा सुधार दुवै महत्वपूर्ण छन् । अझ यो भन्दा महत्वपूर्ण सिकाइमा सुधार गर्दै परीक्षाको नतिजामा सुधार गर्नु नै मुख्य कुरा हुन आउँछ । सिकाइ भनेको विद्यार्थीको बौद्धिक, भावनात्मक र व्यावहारिक विकासको आधार हो । शिक्षाको मुख्य आधारभूत तह भनेको विद्यालय नै हो ।

विद्यालय तहमा विद्यार्थीले के कति सिक्यो, उसको क्षमता अर्थात् ल्याकत जाँच्ने भनेको पहिलेको एसएलसी र अहिलेको एसइईले गर्छ भन्ने आम मान्यता छ । यस वर्षको एसइईको नतिजाले गत वर्षको तुलनामा करिब १४ प्रतिशत वृद्धि भएको देखाएको छ । एकै वर्षमा चौध/चौध प्रतिशतले नतिजा बढ्नु राम्रो त पक्कै पनि हो तर अब प्रश्न उठ्छ वास्तवमै विद्यार्थीको सिकाइको स्तरमै सुधार भएर नतिजा बढ्यो या परीक्षा प्रणालीका प्राविधिक पक्षमा सुधार गरेर बढ्यो या परीक्षा प्रणाली कमजोर भयो ? हाम्रो शिक्षा प्रणाली एवं शिक्षणमा सिकाइभन्दा पनि घोकाइ र रटाइमुखी पद्धति हाबी छ । अधिकांश विद्यालय अझ विशेष गरी संस्थागत विद्यालयले विद्यार्थीको सिकाइको स्तर सुधार गरेर नतिजा राम्रो ल्याउनेभन्दा पनि विद्यार्थीलाई नमुना प्रश्नपत्र रटाउने र विद्यालयको ग्रेड अब्बल देखाउने कार्यमा अभ्यासरत देखिन्छन् भने सरकारी /सामुदायिक विद्यालयमा सिकाइको स्तर तुलनात्मक रूमा कमजोर रहेको विभिन्न अध्ययन एवं अनुसन्धानले देखाएको छ । खासमा हुनुपर्ने के हो त ? नतिजामा अब्बल देखिने या वास्तवमै सिकाइको स्तर सुधार गरी नतिजा अब्बल ल्याउने ?

सिकाइलाई नै सुधार गर्दै नतिजा राम्रो ल्याउन विद्यालयमा कक्षाकोठा नै प्रभावकारी हुनु पर्छ । कक्षामा एउटा उत्प्रेरित शिक्षकले नै विद्यार्थीलाई उत्प्रेरित गर्न सक्छ । किनकि कक्षा कोठामा सबैभन्दा शक्तिशाली भनेको शिक्षक हो र सबैभन्दा महत्वपूर्ण पक्ष भनेको विद्यार्थी हो । विद्यार्थीमा सिक्ने तत्परता भएन र शिक्षक स्वयम् उत्प्रेरित भएन भने कक्षा कोठाको शिक्षण प्रभावकारी हुन सक्दैन फलस्वरूप सिकाइ उपलब्धि पनि कमजोर र हन्छ । यसका अलावा कक्षा कोठाको वातावरण, अभिभावकको सहयोग, पाठ्यक्रम र अन्य तत्वहरूले पनि सिकाइमा प्रभाव पारेको हुन्छ । सिकाइ क्षमता सबैको बराबर नभए पनि हरेक विद्यार्थीले केही न केही सिकेकै हुन्छन् ।

विद्यालयको लक्ष्य यो हुनु पर्छ कि, हरेक विद्यार्थीले उच्चतम सिकाइ उपलब्धि हासिल गर्न सकोस् । हिजो विद्यालयको युनिफर्म लगाउँदा रुने चार/पाँच वर्षको विद्यार्थीदेखि पन्ध्र/सोह्र वर्ष उमेर समूहका सबै विद्यार्थीको मनमा आज यस्तो किसिमको भावना जागोस् कि युनिफर्म लगाएर विद्यालय कुनबेला जान पाइएला र विद्यालयमा गइसकेपछि विद्यालयको परिसर, शिक्षक र साथीहरू छाडेर घर जानै मन नलाग्ने होस् ।

विगतको तुलनामा अहिलेका विद्यार्थीको सोच्ने, समय बिताउने, साथीसँग भेटघाट गर्ने, मनोरञ्जन गर्ने, पढ्नेलगायत तरिका फेरिँदै गएको अवस्था छ । यस्तो बदलिँदो परिस्थितिमा उपयुक्त किसिमको शैक्षिक वातावरण तयार गरी प्रभावकारी रणनीति विद्यालयले अपनाउनु जरुरी देखिन्छ तर यो भन्न जति सजिलो छ कार्यान्वयन चुनौतीपूर्ण छ किनकि विद्यालयको एउटै कक्षाकोठामा भिन्न सामाजिक, आर्थिक परिवेश, सम्प्रदाय, जातजाति, धर्म, वेशभुषा, रहनसहन, संस्कृति, रीतिरिवाज र परम्पराबाट आएका विद्यार्थी हुन्छन् । उनीहरूको पारिवारिक पृष्ठभूमि र बौद्धिक क्षमता पनि फरक फरक हुन्छ । यस्तो विविधताका बिच उनीहरूलाई एउटै कक्षा कोठामा राखेर पढाउनुपर्ने हुन्छ । कसैले त्यही कक्षामा त्यही शिक्षकले पढाएको कुरा छिट्टै बुझ्छन् भने कसैले ढिलो । यस्तो अवस्थामा विद्यालय र शिक्षकले साझा दृष्टिकोण प्रस्तुत गर्न सक्नु पर्छ, जसले गर्दा तीक्ष्ण क्षमताको विद्यार्थीले पनि त्यही अनुसार सिकोस् र ढिलो सिक्नेले पनि उसकै र फ्तारमा सिकोस् ।

शिक्षण र सिकाइकै सन्दर्भमा ली शुलम्यानको पिसिके (पेडागोजिकल कन्टेन्ट नलेज) सिद्धान्त यहाँनेर उल्लेख गर्नु सान्दर्भिक हुन्छ लाग्यो । यसका मुख्यतः दुई वटा पक्ष छन् : विषयगत ज्ञान र शिक्षण विधि शास्त्र । पहिलो पक्षले शिक्षकमा पढाउने विषयसम्बन्धी विषयगत गहिरो ज्ञान हुनुपर्ने कुरालाई महत्वपूर्ण ठाछ भने दोस्रो पक्षले शिक्षकमा विद्यार्थीलाई विषयवस्तु बुझाउने कौशलता अर्थात् आफूले जानेको कुरा विद्यार्थीमा सार्न सक्ने शिक्षण विधि प्रभावकारी हुनु पर्छ भनिएको छ । जुन शिक्षकले शिक्षणलाई कलात्मक र रोचक ढङ्गले प्रस्तुत गर्छ, त्यस्तो शिक्षक विद्यार्थीको मानसपटलमा स्मृतिको शिक्षक बन्न पुग्छ । यी दुवै पक्ष राम्रो भएको शिक्ष( कले विद्यार्थीमा अन्तरनिहित ज्ञानलाई साँघुरो परिधिबाट झिकेर खुला क्षितिजतर्फ लैजान सक्छ ।

परीक्षा प्रणाली भन्नाले विद्यार्थीको विषय वस्तुसँग सम्बन्धित ज्ञान, सिप र समझको मूल्याङ्कन गर्ने विधि हो । एउटा निश्चित समयमा विद्यार्थीले सिकेको कुरा व्यक्त गर्न सक्ने खुबीलाई जाँच्ने मात्र हो । हालको रटाइ र स्मरणशक्तिमा आधारित परीक्षा प्रणालीले विद्यार्थीको सिर्जनात्मक र विश्लेषणात्मक क्षमतालाई मूल्याङ्कन गर्नेभन्दा पनि वस्तुगत पक्षलाई बढी जोड दिएको पाइन्छ । अझै पनि हाम्रा विद्यार्थी घोक्नु र रट्नुपर्ने पाठ्यक्रम पढ्न बाध्य छन् ।

हामीकहाँ पाठ्यक्रमभन्दा पाठ्य पुस्तक र वास्तविक सिकाइभन्दा परीक्षामुखी प्रवृत्ति हाबी छ । यस्तो प्रवृत्तिले कसैलाई पनि फाइदा हुँदैन न राज्य न त समाज । स्वयम् त्यही विद्यार्थीका लागि पनि बोझ बन्न पुग्छ । एसइईको नतिजा सुधार हुनुमा विद्यार्थीको सिकाइस्तरमा पूर्ण सुधार भएको भन्दा पनि परीक्षा प्रणाली र मूल्याङ्कन प्रक्रियामा रहेका कमीकमजोरीले भूमिका खेलेको हो । दीर्घकालीन र विश्वासनीय सुधारका लागि परीक्षा प्रणालीमा पारदर्शिता, शिक्षक दक्षता अभिवृद्धि र पाठ्यक्रम र मूल्याङ्कन प्रणालीमा तादम्यता एवं समन्वय आवश्यक छ ।

विद्यार्थीले दिनमा २५ प्रतिशत समय मात्र विद्यालयमा बिताउँछ बाँकी ७५ प्रतिशत समय विद्यालय बाहिर अर्थात् अभिभावकसँग । विद्यार्थीको शैक्षिक उपलब्धिमा अभिभावकको अहम् भूमिका हुन्छ । अभिभावकले आफ्ना छोराछोरीको पढाइमा चासो लिनु पर्छ । स्वयम् उनीहरू बेला बेलामा विद्यालय गई बुझ्नु आवश्यक हुन्छ । उनीहरूले आफ्ना छोराछोरीका .......


## स्वच्छ र स्वस्थ्य डोल्पा

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय समयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट बिरुवा तथा फूको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय समयमा मर्मत संभार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं,

डोल्पालाई सुन्दर बनाऔं

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा